# गाउँ पाश्र्वचित्र

## २०७५


# सुनकोशी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रामटार, सिन्धुली

३ नं. प्रदेश नेपाल

# सुनकोशी गाउँपालिकाको नक्सा



# विषयसूची

## खण्ड-१: भूमिका


| | | |
|---|---|---|
| १.१ | पृष्टभुमि | १ |
| १.२ | गाउँपालिका प्रोफाइल तयारीको औचित्य | १ |
| १.३ | उद्देश्य | २ |
| १.४ | वस्तूगत विवरण तयारीका उद्देश्यहरू | २ |
| १.५ | पार्श्वचित्र तयारीका लागि तयार गरिएका फारममा सुचना सङ्कलन | २ |
| १.६ | बस्तीस्तरमा प्रत्यक्ष अध्ययन भ्रमण | २ |
| १.७ | सुचना विश्लेषण | ३ |
| १.८ | सरोकारवालाहरूसाग छलफल | ३ |
| १.९ | वस्तूगत विवरण तयारी | ३ |


## खण्ड-२: सुनकोशी गाउँपालिकाको परिचय


| | | |
|---|---|---|
| २.१ | गाउँपालिकाको संक्षिप्त परिचय | ४ |
| २.२ | राजनीतिक तथा प्रशासनिक विभाजन | ५ |
| २.३ | भौगोलिक अवस्था | ५ |
| २.४ | हाल समावेश भएका गाविसहरू | ५ |
| २.५ | सीमाना | ५ |
| २.७ | हावापानी | ५ |
| २.८ | जङ्गली जडीबूटीहरू | ५ |
| २.९ | जङ्गली जनावर तथा चराचरुङ्गीहरू | ६ |
| २.१० | धर्म तथा संस्कृति | ६ |
| २.११ | चाडपर्वहरू | ६ |
| २.१२ | रहनसहन र भेषभुषा | ६ |
| २.१३ | धार्मिक/ऐतिहासिक/पूरातात्विक मठमन्दिरहरूको विवरण | ६ |
| २.१४ | पर्यटकीय स्थलहरुको विवरण | ७ |
| २.१५ | प्रमूख नदीनाला तथा खोलाहरू | ७ |


## खण्ड-३ : जनसाङ्ख्यिक विवरण


| | | |
|---|---|---|
| ३.१ | जनसंख्या विवरण | ८ |
| ३.२ | साविकका वडा अनूसार जनसंख्या विवरण | ८ |
| ३.३ | उमेर तथा लिङ्गका आधारमा जनसंख्याको विवरण | ९ |
| ३.४ | जातजातिको आधारमा जनसंख्याको विवरण | १० |
| ३.५ | जातजातिको वोल्ने भाषाको आधारमा जनसंख्याको विवरण | ११ |
| ३.६ | अपाङगताको आधारमा जनसंख्या (Population by disability) विवरण | ११ |
| ३.७ | घर बनावटको आधारमा घरधूरी संख्या विवरण | १२ |
| ३.८ | घरहरूको भित्ता बनाएको आधारमा घरधूरी संख्या विवरण | १२ |
| ३.९ | घरहरूको छानाको प्रकारको आधारमा घरधूरी संख्या विवरण | १२ |
| ३.१० | स्वामित्वको आधारमा घरपरिवार संख्या विवरण | १३ |
| ३.११ | खाना पकाउने इन्धनको प्रयोगको आधारमा घरधूरी संख्या विवरण | १३ |
| ३.१२ | उपलब्ध सेवा सूविधाको आधारमा घरपरिवार संख्या विवरण | १४ |

## खण्ड-४: सामाजिक क्षेत्र


| | | |
|---|---|---|
| ४.१ | शैक्षिक अवस्था | १५ |
| ४.१.१ | शैक्षिक संस्थाहरूको विवरण | १६ |
| ४.१.२ | बालक्लबहरूको विवरण | १८ |
| ४.२ | स्वास्थ्य क्षेत्र | १८ |
| ४.२.१ | गाउँपालिका अवस्थित स्वास्थ्य संस्थाहरूको नामावाली | १८ |
| ४.३ | खानेपानी तथा सरसफाइ सम्बन्धी आधारभूत विवरण | १९ |
| ४.३.१ | खानेपानी | १९ |
| ४.३.२ | खानेपानीको श्रोतको आधारमा घरपरिवार संख्या विवरण | १९ |
| ४.३.३ | खानेपानी संस्थाहरूको विवरण | २० |
| ४.३.४ | शौचालय प्रयोगको आधारमा घरपरिवार संख्या विवरण | २० |


## खण्ड-५ : भौतिक पूर्वाधार विकासको अवस्था


| | | |
|---|---|---|
| ५.१ | सडकको यातायात | २१ |
| ५.२ | टेलिफोन सेवा | २२ |
| ५.३ | हूलाक सेवा | २२ |
| ५.४ | सञ्चार सेवाका माध्यमहरू | २२ |
| ५.५ | पत्रपत्रिकाहरू उपलब्ध हूने | २२ |
| ५.६ | विद्यूत र उर्जा | २२ |
| ५.७ | बत्ती प्रयोगको आधारमा घरधूरी संख्या विवरण | २२ |
| ५.८ | वित्त बैंक तथा सहकारी संस्थाहरूको विवरण | २३ |
| ५.९ | गाउँपालिकामा सञ्चालित बैंक | २३ |
| ५.१० | सहकारी संस्थाहरूको विवरण | २४ |


## खण्ड-६: प्राकृतिक स्रोत तथा वातारण


| | | |
|---|---|---|
| ६.१ | सारसंक्षेप | २५ |
| ६.२ | जैविक विविधता | २५ |
| ६.३ | वनस्पतिक विवधता | २५ |
| ६.४ | गैह्रकाष्ठ वन पैदावर प्रजाति | २५ |
| ६.५ | वन्यजन्तू विविधता | २५ |
| ६.६ | सामूदायिक वन | २६ |
| ६.७ | नदी तथा खोलानालाहरू | २६ |
| ६.८ | कृषि सेवा केन्द्र | २६ |
| ६.९ | प्रमूख उत्पादन हून कृषिबालीहरू | २७ |
| ६.१० | पशू स्वास्थ्य तथा पशूपालन | २७ |
| ६.११ | प्रमूख घरपालूवा पशूपंछी सम्बन्धी विवरण | २७ |


## खण्ड-७ : विविध


| | | |
|---|---|---|
| ७.१ | यस गाउँपालिकाको विकासका सम्भाव्यता, अवसर, चूनौती र समस्याहरू | २८ |
| ७.२ | यस क्षेत्रको चूनौती तथा समस्याहरू | २९ |
| ७.३ | अन्य कारण | ३० |
| ७.४ | घरधूरीमा मानिसहरू अनूपस्थितको आधारमा घरधूरी विवरण संख्या | ३१ |

# खण्ड १ : गाउँ परिचय

## १.१ पृष्ठभुमि

स्थानीय तहको योजना निर्माण गर्नको लागि विभिन्न तत्वहरूमध्ये वस्तुस्थितिको यथार्थ तथ्यहरूको जानकारी हुनु पहिलो र आधारभूत कुरा हो । स्थानीय तहको योजना तर्जुमाको लागि आफ्नो क्षेत्रको सामाजिक, आर्थिक, भौतिक आदि विविध पक्षको तथ्याङ्कको आवश्यकता पर्दछ । समय समयमा गा.वि.स.सँग सम्बन्धित सबै किसिमका तथ्य र तथ्याङ्कको सङ्कलन र विश्लेषण भएमा अनि सो तथ्याङ्कका आधारमा योजना तर्जुमा हुन सकेका मात्र योजनाहरू वस्तुनिष्ठ र प्रभावकारी रूपमा संचालन गर्न सकिन्छ । व्यवस्थित योजना बिना विकासको प्रतिफल जनताको तहसम्म पुग्न सक्दैन व्यवस्थित योजना तर्जुमाको लागि सूचनाको महत्व सर्वाधिक हुन्छ । यसका लागि स्थानीय निकाय पार्श्वचित्र महत्वपूर्ण दस्तावेज हो ।

कुनै पनि स्थानीय तहको विकास निर्माण तथा योजना तर्जुमाका लागि वास्तविक तथ्याङ्कको जरुरी पर्दछ । यथार्थ विवरणको अभावमा वास्तविक समस्याको पहिचान हुन सक्दैन । स्रोत तथा साधनको उचित वितरण तथा प्रयोग हुन सक्दैन । विकास निर्माणले गति लिन पनि सक्दैन ।यसको प्रत्यक्ष असर त्यहाँका जनताको आर्थिक, सामाजिक, सांस्कृतिक आदि विकासमा पर्न जान्छ । आजको एक्काइसौं शताब्दीको युग सूचन र प्रविधिको युग हो । जसबाट विश्व नै एक सानो गोलार्द्धमा सीमित भएको पाइन्छ । विश्वको हरेक व्यक्तिर स्थानबाट सूचना प्रणाली मार्फत् क्षणभरमै जानकारी तथा सूचना पाउन सकिने अवस्था रहेकोछ ।

यसै सन्दर्भमा स्थानीय स्वायत्त शासन ऐनले व्यवस्था गरे अनुसार स्थानीय निकायलाई अधिकार र जिम्मेवारी दिई योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यका लागि स्थानीय निकायको वस्तुगत विवरण अति आवश्यक रहेकोछ । वस्तुगत विवरणमा गाउँपालिकाको भौगालिक, सामाजिक, आर्थिक, जनसांख्यीक तथा धार्मिक सांस्कृतिक अवस्था समेटेर विकासका सम्भाव्यताको वारेमा जानकारीका साथै गाउँपालिकाको योजना बनाउनको लागि यो पार्श्वचित्र तयार गरिएको हो ।

## १.२ गाउँपालिका प्रोफाइल तयारीको औचित्य

स्थानीय तहको समग्र स्रोत परिचालन, व्यवस्थापन एवं काम कारवाहीमा कार्यकुशलता र प्रभावकारिता अभिबृद्धि गर्ने प्रयोजनका लागि नेपाल सरकार एवम् विकास साझेदारबाट स्थानीय तहलाई प्राप्त हुने सबै प्रकारका अनुदान, स्थानीय तहको आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत स्थानीय तहको कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृत र समन्वित गरी गरिब, महिला, बालबालिका तथा सामाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवम् क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह एवम् विकास निर्माण कार्य र शासन प्रक्रिया जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समावेशी, समतामूलक, सहभागितामूलक, दिगो र गुणस्तरयुक्त गराउँदै स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र आर्थिक विकासको अवधारणालाई संस्थागत गर्ने कार्यमा सहयोग पुऱ्याउन स्थानीय स्वायत्त शासन ऐन, २०५५ र यस अन्तर्गत जारी नियमहरू अनुसार नगरकार्यपालिका तथा गाउँकार्यपालिकालाई सुम्पिएको जिम्मेवारी र अधिकार क्षेत्रभित्र रही यस **सिन्धुली जिल्लामा अवस्थित सुनकोशी गाउँपालिकाको** भावी मार्गचित्र तयार गरी गाउँपालिका विकासको नयाँ अवधारणामा आधारित रही काम गर्नुपर्ने अवसर र चुनौती देखिएको छ ।

## १.३ उद्देश्य

(क) स्थानीयतहका तथ्याङ्क एवम् सूचनाहरू यथार्थ, वास्तविक तथा अद्यावधिक बनाई विश्वसनीयता तथा वैधतालाई बढाउने ।

(ख) स्थानीयतह भित्रका बासिन्दाहरूको भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थाको चित्रण गर्ने ।

(ग) स्थानीय तहभित्र रहेका ऐतिहासिक तथा पुरात्तात्विक महत्वका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको पहिचान गर्ने ।

(घ) स्थानीय तहभित्रका प्राकृतिक स्रोतसाधनको नक्साङ्कन तथा उपयोग एवं बाँडफाँडको अवस्था चित्रण गर्ने ।

(ङ) विकास निर्माण तथा सामाजिक गतिविधिको क्षेत्रमा नयाँ सम्भावना, अवसर तथा चुनौतीहरूको पहिचान र विश्लेषण गर्ने ।

(च) स्थानीय तहका विभिन्न अवस्थाका बारेमा अध्ययन, अनुसन्धान र विश्लेषण गर्ने क्रममा स्थानीय तहमा आउने व्यक्ति तथा संस्थाहरूलाई आवश्यक सूचना दिन सक्ने गरी तथ्याङ्कको स्रोतको विकास गर्ने ।

## १.४ वस्तूगत विवरण तयारीका उद्देश्यहरू

यो वस्तुगत विवरण तयार गर्नुको मुख्य उद्देश्य गाउँकार्यपालिकाको भौगोलिक, प्राकृतिक, सामाजिक, आर्थिक, मानवीय, धार्मिकएवं सांस्कृतिक तथा अन्य विविध सूचना र तथ्याङ्कहरूलाई सरलीकृत रूपमा समावेश गरी एउटा वस्तुगत दस्तावेज तयार गर्नु हो । यसका अन्य उद्देश्यहरू निम्नानुसार छन् :

(क) यस स्थानीय तहको वास्तविक र सही सूचना संकलन तथा व्यवस्थापन गर्न मद्दत पुऱ्याउने ।

(ख) स्थानीय तहबाट सङ्कलित तथ्याङ्कहरू जिल्ला तथा केन्द्रमा व्यवस्थापन गर्न एकरूपता आउने ।

(ग) स्रोत, साधन र सिपको पहिचान गरी त्यसको सदुपयोग गर्न तथा सम्भावित जोखिमहरूबाट बच्ने उपायहरूको खोजी गर्न सकिने ।

(घ) भौगोलिक, सामाजिक, आर्थिक, धार्मिक, प्राकृतिक र मानवीय जीवनका हरेक पक्षहरूका बारेमा जानकारी प्राप्त हुने हुनाले सञ्चालित कार्यक्रमको समीक्षा गरी सुधार, समायोजन वा परिवर्तन गर्न र नयाँ योजना तर्जुमाका लागि पृष्ठपोषण (Feedback) प्राप्त हुने ।

(ङ) (नवीन सोच र चिन्तनको सम्भावनाका लागि मार्गप्रशस्त हुने ।

(च) सूचनाबाट विभिन्न निकाय तथा व्यक्तिहरूसँग सम्बन्ध बढाउन सहज हुने हुनाले आपसी सहयोगको वातावरण निर्माण हुने ।

## १.५ पार्श्वचित्र तयारीका लागि तयार गरिएका फारममा सुचना सङ्कलन

गाउँपालिकाको घरधुरी तथा बस्तीको आवश्यक सूचना सङ्कलन गर्न तयार गरिएको फारमको प्रयोग गरी प्राथमिक सूचना बस्तीस्तरमा संकलन गरिएकोछ । उक्त सूचना तालिम प्राप्त स्थानीय आर्थिक विकास प्रवर्धक र स्थानीय सूचना सङ्कलकहरूद्धारा गरिएको छ ।

## १.६ बस्तीस्तरमा प्रत्यक्ष अध्ययन भ्रमण

उक्त टोलीद्धारास्थानीय तहमा भएका सामाजिक, आर्थिक तथा भौगोलिक अवस्थाको स्थलगत अवलोकन र अध्ययन गरिएकोछ ।

## १.७ सुचना विश्लेषण

वस्तुगत विवरण तयारीका लागि लिइएको प्राथमिक तथा दोस्रो सूचनाहरूको विश्लेषण Microsoft wordमा कम्प्युटर Entryगरी तथ्याङ्कहरू विश्लेषण गरिएको छ ।

## १.८ सरोकारवालाहरूसाग छलफल

प्राथमिक तथा दोस्रो सूचनाहरूले मात्र वस्तुगत विवरण तयारीको लागि पर्याप्त सूचना नपुग्ने देखिएकाले थप सूचनाको लागि विभिन्न निकायका सरोकारवालाहरूसँग छलफल गरी सूचना लिइएको छ । वस्तुगत विवरणलाई मुर्त रूप दिन र अपनत्वको भावनाको विकास गराउन सम्बन्धित सरोकारवाला निकायसँग समझदारी र सहयोगी भूमिका निर्वाह गरिने अपेक्षा गरिएको छ ।

## १.९ वस्तूगत विवरण तयारी

माथि उल्लेखित तरिकाहरू अपनाई सूचना संकलन गरेर त्यसलाई विश्लेषण गरी स्थानीय विकास मन्त्रालयको ढाँचा तथा विधि अपनाउँदै गाउँपालिकाको सम्पूर्ण विवरण एकीकृत रूपमा तयार गरिएको छ । यस वस्तुगत विवरणले गाउँपालिकाको मार्गचित्र तयार गर्न तथा योजना बनाउन सबै पक्षहरूलाई सहयोग पुऱ्याउँछ ।

# खण्ड २ : सूनकोशी गाउँपालिकाको परिचय

## २.१ गाउँपालिकाको संक्षिप्त परिचय

नेपालको मानचित्रमा साविक मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत जनकपुर अञ्चलको मध्य भागमा अवस्थित सिन्धुली एक पहाडी जिल्ला हो । प्राकृतिक रूपमा यो जिल्ला भित्री मधेशको समथर भूमिदेखि लिएर पहाडी भुभाग रहेको जिल्ला हो । तराईको चुरे क्षेत्रदेखि लिएर पहाडी महाभारतसम्म फैलिएको यो जिल्ला झण्डै नेपालको नक्सा जस्तै पूर्व पश्चिम फैलिएको छ । यस जिल्लाको सदरमुकाम सिन्धुलीमाढी हो ।

सिन्धुलीगढी प्रकृतिक सुन्दरता एवं ऐतिहासिक दृष्टिले महत्वपूर्ण स्थान हो । यो ठाउँ काठमाडौंबाट करीब १५० किलोमिटर पूर्वमा रहेको छ । ४ हजार ६ सय ४८ फिट उचाइमा रहेको यो क्षेत्र प्राकृतिक रूपमा पनि सुन्दर छ । यस जिल्लामा उष्ण, उपोष्ण र समशीतोष्ण प्रकारको हावापानी पाइने हुँदा वनस्पति र जीवजन्तु पनि विवध नै पाइन्छन् । काष्ठ र प्रकाष्ठ दुवै खाले वनस्पतीको उपलब्धता यस जिल्लाको वनजङ्गलको विशेषता रहेको छ । यस जिल्लाको कूल क्षेत्रफलको करिब ६४ प्रतिशत भू-भाग वनजङ्गलले ओगटेको छ ।

**"जङ्गल र जुनार सिन्धुलीको विकासको आधार"**भन्ने नारा प्रसिद्ध रहेको यस जिल्लाको निर्यातजन्य उत्पादनहरूमा अम्रिसो, अदुवा, बेसार, भुइँकटहर, जडीबुटीहरू र अमिलो जातका विभिन्न फलफूलहरू रहेका छन् । बनेपादेखि बर्दिवाससम्म बीपी राजमार्ग निर्माण तथा यातायात सञ्चालनहुन थालेका कारण यस जिल्लाको महत्व झनै बढेर गएको छ । सिन्धुलीगढी नेपाल-अंग्रेज युद्धको जीवित दस्तावेज हो । त्यस क्षेत्रमा निर्माण गरिएका अप्ठ्यारा खाल्डाहरू शत्रुलाई आक्रमण गर्न बानाइएका आड तथा दुर्गहरू अहिले अचम्म लाग्दा देखिन्छन् । यो क्षेत्र घुम्दा त्यसबेला नेपाली योद्धाले गर्ने युद्ध रणनीतिको अनुमान लगाउन सकिन्छ ।

सिन्धुलीगढी दरबारलाई पुनर्निर्माण गरी थप आकर्षक बनाइएको छ । यो दरबार हेरेपछि जो कोही नेपाली पर्यटकहरूलाई **"सिन्धुलीगढी घुमेर हेर्दा सुन्तली माई कति न राम्रो दरबार"** भन्ने गीतको सम्झना गराउँदछ । सिन्धुली जिल्लाको सिन्धुली गढीले आफ्नै महत्व बोकेको साथै राजनीतिक, ऐतिहासिक तथा धार्मिक, सांस्कृतिक, विविधताको साथै प्राकृतिक सौन्दर्यले भरिपूर्ण आकर्षक पर्यावरणको कारण यो जिल्ला पर्यटकहरूको लागि आकर्षणको केन्द्र बन्न पुगेको छ ।

नेपालको संविधान (२०७२) बमोजिम नेपाल सरकारले स्थानीय निकायहरूको पुन:संरचनाको लागि गठन गरेको उच्चस्तरीय आयोगले २०७३ पुष २२ मा नेपाल सरकारलाई बुझाएको प्रतिवेदन नेपाल सरकारले परिमार्जन गरी २०७३ फागुन २७ गतेबाट स्थानीय तह लागू गर्ने निर्णय गरेअनुसार मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत जनकपुर अञ्चलको मध्य भागमा अवस्थित सिन्धुली जिल्लाको ५० वटा गाविसमध्ये साविकका **कुशेश्वर दुम्जा, झागाझोली रातामाटा, पुरानो झागाझोली, सितलपाटी रमझुवा** गाविसहरूलाई समायोजन गरी **सुनकोशीगाउँकार्यपालिका** गठन गरिएको हो ।यो गाउँपालिकाको कूल जम्मा पाँचवटा गाविसहरूमध्ये कुशेश्र दुम्जा र झगाझोली रातामाटा गाविसहरूलाई विभाजन गरी ७वटा वडा बनाइएको छ । यस गाउँपालिकाको घरधुरी(**राष्ट्रिय जनगणना २०६८ अनुसार**)जम्मा ४५५७ र जम्मा जनसंख्या २१४७३ मध्ये पुरुष ९९८८ र महिला ११४८५ रहेको छ ।

## २.२ राजनीतिक तथा प्रशासनिक विभाजन

प्रदेश :- संघीय गणतन्त्र नेपालको ३ नं प्रदेश,
नाम :-**सुनकोशी गाउँकार्यपालिकाको कार्यालय, सिन्धुली**
विकास क्षेत्र :-मध्मान्चल विकास क्षेत्र
अन्चल :-जनकपुर अन्चल
जिल्ला:-सिन्धुली
वडा संख्या :-७
केन्द्र:-साविक पुराना झागाझोलीगा.वि.स.को कार्यालय

## २.३ भौगोलिक अवस्था

जम्मा कुल क्षेत्रफल:-१५४.६८ वर्ग कि.मी.(स्थानीय विकास मन्त्रालय अनुसार)

## २.४ हाल समावेश भएका गाविसहरू

| बस्तीको नाम | हालको वडा |
|---|---|
| कुशेश्वर दुम्जा | १,२ |
| झागाझोली रातामाटा | ३,४ |
| पुराना झागाझोली | ५ |
| सितलपाटी | ६ |
| मझुवा | ७ |

## २.५ सीमाना

पूर्वमा :-गोलञ्जर गाउँपालिका र रामेछाप जिल्ला
पश्चिममा:-काभ्रेपलाञ्चोक जिल्ला
उत्तरमा :- रामेछाप जिल्ला
दक्षिणमा :-घ्याङलेख गाउँपालिका र कमलामाई नगरपालिका

## २.७ हावापानी

यस गाउँपालिकाको भू-धरातलिय बनावटको परिमाण स्वरूप हावापानीमा समेत निकै विविधता पाउन सकिन्छ। यहाँको हावापानी उष्ण, उपोष्ण र समशीतोष्ण रहेको छ। समशीतोष्ण जलवायु महाभारत क्षेत्रका करीव १२०० मिटरदेखि माथि उचाइमा रहेको भागमा पाइन्छ। यसमा हिउँदमा केही जाडो र अन्य समयमा न्यानो हावापानी रहन्छ। उपोष्ण जलवायु ६०० मिटरदेखि माथि १२०० मिटरसम्मका चुरे क्षेत्रमा पाइन्छ।

## २.८ जड्गली जडीबूटीहरू :

यस गाउँपालिकामा पाइने जड्गली जडीबुटीहरू लोडसल्ला, जटामसी, कुरिलो, जेठीमधु, पाँचऔंले, अमला, हर्रो, बर्रो, धयरी, पाखानवेद, पहेली, धूपीसल्लो, धसिङ्गरे, टिमुर, ठुलिरुदिलो, खयर, सल्लो, पिठौली, वर, पीपल, ज्यामुना, वेल, चिउरी, असुरो, कोइरालो, गायो, राजवृक्ष, धतुरो, वनमारा, दवदवे, बावरी, अंगरी, सिन्दुरे, बकाइनो, काफल, टटलो, नुनढिके, रुदिलो, गुराँस, भलायो, ऐसेलु, रिठ्ठो, चिलाउने, हर्‍रो, वर्‍रो, टुनी, सिस्नु, टिमुर, वयर, कुरिलो, कटुस, गिठ्ठा, तरुल, काभ्रो, अल्लो, बाँस, निगालो, साल, सिसौ, धुपी, सिमल, काइँयो, बाटुल, पाते, कुकुर डाइनो, विराली, लहरा, केटकारी आदि हुन्।

## २.९ जङ्गली जनावर तथा चराचरुङ्गीहरू

यस गाउँपालिकामा पाइने जङ्गली जनाबर र चराचुरुङ्गीमा चितुवा, वदेल, मृर्ग, भालु, निगाले चितुवा, थार, कालीज, वनकुखुरा, ढुकुर, जुरेली, काग, चमेरो, लुईचे, लामपुच्छे, लाचे, तित्रो, सुगा, रूपी, रातो सेतो बादर, खरायो,स्याल, लाटोकोसेरो, बाज, चिल, गिद्ध जस्तै जनावर र पन्छीहरूपर्दछन् ।

## २.१० धर्म तथा संस्कृति

यस गाउँपालिकाभित्र वसोवास गर्ने मानिसहरूमा विभिन्न जातजातिमा धर्म तथा संस्कृतिहरू मान्ने गरेको पाइन्छ । यस गाउँपालिकामा विभिन्न जातजातिहरूका एक समानको सौहार्द्रपूर्ण बसोवास रहेको पाइन्छ। क्षेत्री, ब्राह्मण पहाडी, मगर, नेवार, कामी, दमाइँ/डोले, सार्की, घर्ती/भुजेल, माझी, तामाङ्ग, सुनुवार, सन्यासी/दशनामी, राई, ब्राह्मण तराई, सुनारआदिको मिश्रित वसोवास रहेको छ । यहाँका मानिसहरू प्रायजसो हिन्दु धर्मावलम्वीहरू रहेका छन् । यहाँको संस्कार पनि आ-आफ्नै खालको छ । कूल देवता पूजा, विवाह, काजकृया, व्रतबन्ध, सोह्रश्राद्ध, घरघरमा लगाइने सत्यनारायणको पूजा, रुद्री पाठ, सप्ताह, यज्ञ, होमहोमादि आदि यहाँका प्रमुख सामाजिक र संस्कृतिक अनुष्ठानहरू हुन् ।

## २.११ चाडपर्वहरू

जातिगत र सांस्कृतिक विविधता रहेको यस गाउँपालिकाका बासिन्दाहरूले मनाउने प्रमुख चाडपर्व र मेलाहरूमा पनि पर्याप्त विविधता पाउन सकिन्छ । विजयादशमी, दीपावली, रामनवमी, माघेसक्रान्ति, साउनेसक्रान्ति, तिज, जनैपूर्णिमा, कृष्ण जन्माष्टमी, बुद्धपूर्णिमा, ल्होछार आदि यहाँका प्रमुख चाडपर्वहरू हुन् ।

## २.१२ रहनसहन र भेषभुषा

यस गाउँपालिकामा विभिन्न किसिमका जात, जाति, भाषा र धर्म भएका मानिसको वसोवास रहेको पाइन्छ । जातीय विभिन्नता, भाषागत विभिन्नता तथा धार्मिक भिन्नता रहेता पनि सामाजिक स्थिरता तथा शान्तिपूर्ण वातावरणमा कुनै प्रकारको नकारात्मक विभिन्नता देखिएको छैन । विभिन्न चाडपर्वमा एक अर्काको (विपरीत धर्मावलमवी) बीच लबाइखबाइको परम्पराको सोहार्द्रताको प्रमाण रहेको कुरा स्थानीय वासिन्दाहरूको भनाइ रहेको छ । यद्यपि न्यून मात्रामा भएपनि दलित जातका मानिसलाई माथिल्लो जातको मानिसहरूले केही विभेद गरिरहेको पाइएको छ ।

जस्तै:-दलितको हातबाट पानी नखाने, दलित वर्गका मानिसहरूको काममा चासो नदिने इत्यादि । यसै सन्दर्भमा पहिलेको तुलनामा यी विभेदहरू हराउँदै गइरहेको जानकारी समूदायसँग गरिएको छलफलबाट पुष्टि हुन्छ ।

## २.१३ धार्मिक/ऐतिहासिक/पूरातात्विक मठमन्दिरहरूको विवरण

| क्र.स. | विवरण | ठेगाना |
|---|---|---|
| १. | टार पोखरी गणेश मन्दिर | वडा नं. ७ |
| २. | तल्लो गणेश मन्दिर | वडा नं. ६ |
| ३. | माथिल्लो गणेश मन्दिर | वडा नं. ६ |
| ४. | कृष्ण मन्दिर | वडा नं. ६ |
| ५. | भिमसेन मन्दिर | वडा नं. ६ |
| ६. | शिव मन्दिर | वडा नं. ६ |
| ७. | मुकुटेश्वरी मन्दिर | वडा नं. २ |
| ८. | बालाकेदार मन्दिर | वडा नं. २ |
| ९. | रामजानकी मन्दिर | वडा नं. २ |
| १०. | राम मन्दिर | वडा नं. ३ |

| क्र.स. | विवरण | ठेगाना |
|---|---|---|
| ११. | गणेश मन्दिर | वडा नं. ३ |
| १२. | सत्यश्वेर महादेव मन्दिर | वडा नं. ४ |
| १३. | सिद्धबाबा मन्दिर | वडा नं. ४ |
| १४. | कुशेश्वर महादेव मन्दिर | वडा नं. १ |
| १५. | गाइखुर विशेश्वर मन्दिर | वडा नं. १ |
| १६. | देवीस्थान हाइगाउँ मन्दिर | |
| १७. | पञ्चकन्या देवी मन्दिर | |
| १८. | ज्यामिरे ओम मन्दिर | |
| १९. | मालांगा जोरमाने मन्दिर | |
| २०. | गणेशस्थान बसेरी मन्दिर | |
| २१. | भिमसेन थान थुम्की मन्दिर | |
| २२. | गणेशथान तिमलचौर | |
| २३ | ओम मन्दिर | |
| २४. | नागेश्वरी मन्दिर | |
| २५. | देवीस्थान मन्दिर | |
| २६. | सेतीदेवी मन्दिर | |
| २७. | खानीगाउँ गुम्बा | |
| २८. | भाथाबाटे ओम मन्दिर | |

## २.१४ पर्यटकीय स्थलहरुको विवरण

| क्र.सं. | पर्यटकीय स्थलको नाम | ठेगाना |
|---|---|---|
| | | सुनकोशी गाँउपालिका |
| १ | रमिते डाँडा | " |
| २ | गोल्मे डाँडा | " |
| ३ | धरनीधर सृजनाग्राम वि.पी. पार्क | " |
| ४ | महाभारत पर्वत डाँडा | |

## २.१५ प्रमूख नदीनाला तथा खोलाहरू

| क्र.सं. | प्रमुख खोलानालाहरुको नाम | ठेगाना |
|---|---|---|
| | | सुनकोशी गाँउपालिका |
| १ | ठाडो खोला, | " |
| २ | गंगारी खोला | " |
| ३ | रहेले खोला | " |
| ४ | आस्बोटे खोला | " |
| ५ | निउली खोला | " |
| ६ | गंगटे खोला | " |
| ७ | भोटे खोला | " |
| ८ | ध्याम्पे खोला | " |
| ९ | भेंडे खोला | |

# खण्ड ३ : जनसाङ्खिक विवरण

## ३.१ जनसंख्या विवरण

| हाल कायम वडा नं. | सामावेस भएका गाविस | साविकको वडा नं. | परिवार संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | कुशेश्वर दुम्जा | २, ३, ४, ५ र ९ | ५७१ | १३०४ | १४४४ | २७४८ |
| २ | कुशेश्वर दुम्जा | १, ६, ७ र ८ | ४३९ | १०६२ | ११६३ | २२२५ |
| ३ | झगाझोली रातामाटा | १, २, ३, ४ र ५ | ६७७ | १२९७ | १४९९ | २७९६ |
| ४ | झगाझोली रातामाटा | ६, ७, ८ र ९ | ५१७ | १२०९ | १३३२ | २५४१ |
| ५ | पुरानो झगाझोली | १, २, ३, ४, ५, ६, ७, ८ र ९ | १०१५ | २१६१ | २५४६ | ४७०७ |
| ६ | सितलपाटी | १, २, ३, ४, ५, ६, ७, ८ र ९ | ८१२ | १८६५ | २१९३ | ४०५८ |
| ७ | मझुवा | १, २, ३, ४, ५, ६, ७, ८ र ९ | ५२६ | १०९० | १३०८ | २३९८ |
| जम्मा | | | ४५५७ | ९९८८ | ११४८५ | २१४७३ |

स्रोत: स्थानीय निकायको २०६८ अनुसार जनसांख्यिक अवस्था

## ३.२ साविकका वडा अनुसार जनसंख्या विवरण

**१.कुशेश्वर दुम्जा**

| वडा नं. | परिवार संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| २ | १०१ | २०० | २१६ | ४१६ |
| ३ | ६३ | ११९ | १४८ | २६७ |
| ४ | ८३ | २०६ | २०३ | ४०९ |
| ५ | १५३ | ३५२ | ३९७ | ७४९ |
| ९ | १७१ | ४२७ | ४८० | ९०७ |
| जम्मा | ५७१ | १३०४ | १४४४ | २७४८ |

**२.कुशेश्वर दुम्जा**

| वडा नं. | परिवार संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ९८ | २०७ | २४९ | ४५६ |
| ६ | १३४ | ३३४ | ३६६ | ७०० |
| ७ | ११८ | २८८ | ३१५ | ६०३ |
| ८ | ८९ | २३३ | २३३ | ४६६ |
| जम्मा | ४३९ | १०६२ | ११६३ | २२२५ |

**३.झागाझोली रातामाटा**

| वडा नं. | परिवार संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ११० | १८९ | २०५ | ३९४ |
| २ | १५३ | २७७ | ३०४ | ५८१ |
| ३ | १६८ | २९० | ३५३ | ६४३ |
| ४ | ११२ | २५० | २९० | ५४० |
| ५ | १३४ | २९१ | ३४७ | ६३८ |
| जम्मा | ६७७ | १२९७ | १४९९ | २७९६ |

**४.झागाझोली रातामा**

| वडा नं. | परिवार संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| ६ | ९४ | २३१ | २४९ | ४८० |
| ७ | १४३ | ३१४ | ३६२ | ६७६ |
| ८ | ८७ | १९४ | २२२ | ४१६ |
| ९ | १९३ | ४७० | ४९९ | ९६९ |
| जम्मा | ५१७ | १२०९ | १३३२ | २५४१ |

३.पुरानो झागाझोली

| वडा नं. | परिवार संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ६८ | १२३ | १५६ | २७९ |
| २ | ७६ | १५० | १८७ | ३३७ |
| ३ | १०२ | १९९ | २६७ | ४६६ |
| ४ | २५० | ५०४ | ५३९ | १०४३ |
| ५ | ९० | १९० | २२२ | ४१२ |
| ६ | ९९ | २११ | २७८ | ४८९ |
| ७ | ११० | २४७ | ३१७ | ५६४ |
| ८ | ७८ | १७३ | २०३ | ३७६ |
| ९ | १४२ | ३६४ | ३७७ | ७४१ |
| जम्मा | १०१५ | २१६१ | २५४६ | ४७०७ |

४.सितलपाटी

| वडा नं. | परिवार संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ४४ | १२६ | १३९ | २६५ |
| २ | ६५ | १०३ | १४१ | २४४ |
| ३ | ८५ | २१७ | २४४ | ४६१ |
| ४ | १३१ | २९३ | ३४२ | ६३५ |
| ५ | १२६ | ३२२ | ३८० | ७०२ |
| ६ | १०४ | २३२ | २५५ | ४८७ |
| ७ | ५८ | १३७ | १५८ | २९५ |
| ८ | ७४ | १७५ | २१० | ३८५ |
| ९ | १२५ | २६० | ३२४ | ५८४ |
| जम्मा | ८१२ | १८६५ | २१९३ | ४०५८ |

५.मझुवा

| वडा नं. | परिवार संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ४२ | ६९ | ९६ | १६५ |
| २ | ५० | १२३ | १२९ | २५२ |
| ३ | ८० | १५१ | १६७ | ३१८ |
| ४ | ९४ | १८७ | २३७ | ४२४ |
| ५ | ७३ | १५२ | १७० | ३२२ |
| ६ | ३३ | ७८ | १०३ | १८१ |
| ७ | ४३ | ८१ | १०७ | १८८ |
| ८ | ८० | १७१ | २११ | ३८२ |
| ९ | ३१ | ७८ | ८८ | १६६ |
| जम्मा | ५२६ | १०९० | १३०८ | २३९८ |

## ३.३ उमेर तथा लिङ्गका आधारमा जनसंख्याको विवरण

यस गाउँपालिकामा जम्मा जनसंख्या २१४७३रहेकोमा विभिन्न उमेर अनुसार महिला र पुरुषहरू के कति छन् भन्ने थाहापाउनका लागि यो तथ्याङ्क टिपोट गरिएको छ । यसलाई निम्नलिखित रूपमा तल विभिन्न उमेर अनुसार छुटाछुटै महिला र पुरुषको संख्यालाई जोडेर राखिएको छ ।

| क्र.सं. | उमेर समूह | पुरुष | महिला | तेश्रो लिंगी | जम्मा |
|---|---|---|---|---|---|
| १ | ५ वर्ष भन्दा मुनि | ९३६ | ८६६ | तथ्याङ्क उपलब्ध नभएको | १८०२ |
| २ | ५ - ९ वर्षसम्म | १३०७ | १३०४ | " | २६११ |
| ३ | १० - १४ वर्षसम्म | १५७९ | १६२६ | " | ३२०५ |
| ४ | १५ -१९ वर्षसम्म | ११३० | १४६२ | " | २५९२ |
| ५ | २० -२४ वर्षसम्म | ६०८ | ९०५ | " | १५१३ |
| ६ | २५ -२९ वर्षसम्म | ४९६ | ७३९ | " | १२३५ |
| ७ | ३० -३४ वर्षसम्म | ४६७ | ६४४ | " | ११११ |

| क्र.सं. | उमेर समूह | पुरुष | महिला | तेश्रो लिंगी | जम्मा |
|---|---|---|---|---|---|
| ८ | ३५ -३९ वर्षसम्म | ४९४ | ६६१ | " | ११५५ |
| ९ | ४० -४४ वर्षसम्म | ५३८ | ६२२ | " | ११६० |
| १० | ४५ -४९ वर्षसम्म | ४९२ | ५७२ | " | १०६४ |
| ११ | ५० -५४ वर्षसम्म | ४७५ | ५०७ | " | ९८२ |
| १२ | ५५ -५९ वर्षसम्म | ३८६ | ४११ | " | ७९७ |
| १३ | ६० -६४ वर्षसम्म | ३६८ | ३६२ | " | ७३० |
| १४ | ६५ -६९ वर्षसम्म | २६७ | २८७ | " | ५५४ |
| १५ | ७० -७४ वर्षसम्म | १८९ | २१४ | " | ४०३ |
| १६ | ७५ माथी | २५६ | ३०३ | " | ५५९ |
| | जम्मा | ९९८८ | ११४८५ | - | २१४७३ |

## ३.४ जातजातिको आधारमा जनसंख्याको विवरण

हाम्रो देश नेपाल चार जात छत्तीस वर्णको साझा फुलबारी हो भनेर चिनिन्छ । अन्य गाउँपालिकामा जस्तै यसमा पनि विभिन्न जातजातिहरूको मिश्रित बसोबास रहेको पाइन्छ। यिनीहरूको आ-आफ्नै किसिमको भाषा तथा संस्कृतिहरू छुट्टाछुटै किसिमको लवाइखवाइ रहेको पाइन्छ। यसकारण हामीले जातजातिको आधारमा पनि के कति महिला तथा पुरुषहरूको संख्या रहेकोछ भन्ने थाहा पाउनका लागि जातजाति अनुसार महिला र पुरुषको छुटाछुटै तथ्याङ्क जोडेर देखाइएको छ ।

| क्र.सं. | जातीयता | पुरुष | महिला | जम्मा संख्या |
|---|---|---|---|---|
| १ | क्षेत्री | १८१२ | २२२४ | ४०३६ |
| ३ | ब्राह्मण | १०८० | १२५५ | २३३५ |
| ४ | मगर | १३५१ | १५०६ | २८५७ |
| ५ | तामाङ्ग | १९०९ | २०९८ | ४००७ |
| ६ | नेवार | १०९८ | १२२९ | २३२७ |
| ७ | कामी | ४०२ | ४६४ | ८६६ |
| ८ | दमाई/डोली | ४८५ | ५३७ | १०२२ |
| ९ | सार्की | ८३२ | १०२१ | १८५३ |
| १० | घर्ती / भुजेल | ३४६ | ३९६ | ७४२ |
| ११ | सुनुवार | ६८ | ६५ | १३३ |
| १२ | माझी | २०५ | २२१ | ४२६ |
| १३ | हायु | १४० | १४५ | २८५ |
| १४ | ठकुरी | ३६ | ५३ | ८९ |
| १५ | राई | २९ | ३८ | ६७ |
| १६ | सन्यासी /दशनामी | १४७ | २०१ | ३४८ |
| १७ | अन्य | ४८ | ३२ | ८० |
| | जम्मा | ९९८८ | ११४८५ | २१४७३ |

श्रोतः केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०६८ अनुसार

## ३.५ जातजातिको वोल्ने भाषाको आधारमा जनसंख्याको विवरण

हाम्रो देश नेपाल विभिन्न जातजातिहरूका आ-आफनै किसिमका भाषा तथा संस्कृतिहरू रहेका छन् । यिनको छुट्टाछुटै किसिमको लवाइखवाइ रहेको पाइन्छ । यसकारण हामीले जातजातिले बोल्ने विभिन्न भाषाका आधारमा पनि के कति महिला तथा पुरुषहरूको संख्या रहेकोछ भन्ने थाहा पाउनको लागि बोल्ने भाषा अनुसार महिला पुरुषको छुटाछुटै तथ्याङ्क जोडेर देखाइएको छ ।

| क.सं. | भाषा | पुरुष | महिला | जम्मा संख्या |
|---|---|---|---|---|
| १ | नेपाली | ७७१४ | ९०१८ | १६७३२ |
| २ | तामाङ्ग | १८८० | २०७१ | ३९५१ |
| ३ | नेवार | १७५ | १७५ | ३५० |
| ४ | मगर | ७४ | ८५ | १५९ |
| ५ | सुनुवार | ४४ | ४२ | ८६ |
| ६ | हायु | ४८ | ५६ | १०४ |
| ७ | अन्य | ५३ | ३८ | ९१ |
| जम्मा | | ९९८८ | ११४८५ | २१४७३ |

श्रोत: केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०६८ अनुसार

## ३.६ अपाङ्गताको आधारमा जनसंख्या (Population by disability) विवरण

यस गाउँपालिकाको जम्मा जनसंख्या २१४७३ रहेको छ भने यस जनसंख्याभित्र सबै मानिसहरू शारीरिक तथा मानसिक रूपमा स्वस्थ छैनन् । उनीहरू विभिन्न किसिमका जन्मजात अपाङगता छन् । कोही विभिन्न रोगको कारणले अपाङ्ग भएका छन् त कोही दुर्घटना भएर अपाङ्ग भएका छन् । शारीरिक रूपमा कति सक्षम वा असक्षम छन् भनी यस्ता व्यक्तिहरूको अपाङ्गताको प्रकार छुट्याई महिला र पुरुषको संख्या छुटाछुटै निम्नलिखित रूपमा तल जोडेर देखाइएको छ ।

| क. सं. | अपाङ्गताहरूको विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | अपाङग नभएका | ९७५४ | ११२८९ | २१०४३ |
| २ | शारीरिक अपाङग | १०० | ७८ | १७८ |
| ३ | आँखा कम देख्ने | २४ | २८ | ५२ |
| ४ | कान नसुन्ने | २९ | २५ | ५४ |
| ५ | पुरै आँखा नदेख्ने | २ | ४ | ६ |
| ६ | बोल्न नसक्ने | ५२ | ३७ | ८९ |
| ७ | मानसिक रोगी | १० | १४ | २४ |
| ८ | Intellectual disable | ७ | ५ | १२ |
| ९ | सबैखाले अपाङ्ग | १० | ५ | १५ |
| जम्मा | | ९९८८ | ११४८५ | २१४७३ |

श्रोत:- केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०६८ अनुसार

## ३.७ घर बनावटको आधारमा घरधूरी संख्या विवरण

यस गाउँपालिकाको जम्मा घरधुरी संख्या **४५५७** छ भने यहाँ बनेका घरहरू सबै एकै खाले छैनन् । सबै घरहरू आ-आफ्नै किसिमले बनाइएकाछन् । यी घरहरूको प्रकार छुट्याई तथ्याङ्क लिएको छ जसलाई तल तालिकामा निम्न लिखित रूपमा दिइएको छ ।

| सि. नं. | घरको प्रकार | संख्या |
|---|---|---|
| १. | माटो/ईट्टा/ढुङ्गाबाट बनेको | ४४९१ |
| २. | ईट्टा तथा ढुङ्गा सिमेन्टबाट बनेको | ४ |
| ३. | आर.सि.सि.पिल्लरबाट वनेको | २ |
| ४. | काठको पिल्लरबाट वनेको | ३५ |
| ५. | अन्य | ३ |
| ६. | थाहा नभएको | २२ |
| | **जम्मा** | **४५५७** |

श्रोत: केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०६८ अनुसार

## ३.८ घरहरूको भित्ता बनाएको आधारमा घरधूरी संख्या विवरण

यस गाउँपालिकाको जम्मा घरधुरी संख्या **४५५७** छ भने यहाँ बनेका घरहरूको भित्ता एकै किसिमको वस्तुबाट बनाइएका छैनन् । सबै घरहरूका भित्ता विभिन्न वस्तुहरूद्धारा बनाइएको छ । घरको भित्ताको प्रकृति छुट्याई घरधुरीको विवरण तल तालिकामा निम्न लिखित रूपमा दिइएको छ ।

| सि. नं. | घरको भित्ताको प्रकार | संख्या |
|---|---|---|
| १ | माटो/ईट्टा/ढुङ्गाबाट भित्ता बनेको | ४४७९ |
| २ | ईट्टा तथा ढुङ्गा सिमेन्टबाट भित्ता बनेको | १० |
| ३ | काठबाट भित्ता वनेको | ४ |
| ४ | बाँसबाट बनेको | ३१ |
| ५ | अन्य | १ |
| ६ | थाहा नभएको | ३२ |
| | **जम्मा** | **४५५७** |

श्रोत: केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०६८ अनुसार

## ३.९ घरहरूको छानाको प्रकारको आधारमा घरधूरी संख्या विवरण

यस गाउँपालिकाको जम्मा घरधुरी संख्या **४५५७** छ भने यहाँ बनेका घरहरूको छाना एकै किसिमका छैनन् । सबै घरहरूको छाना विभिन्न वस्तुहरूद्धारा छाएर बनाइको छ । छानाका प्रकृति छुट्याई घरधुरीको विवरण तल तालिकामा निम्न लिखित रूपमा दिइएको छ ।

| सि. नं. | घरको छानाको प्रकार | संख्या |
|---|---|---|
| १ | फुस तथा खरले छाएको | २११४ |
| २ | जस्ताले छाएको | १२६६ |
| ३ | टायल तथा ढुंगा (Slate) छाएका | ११५० |
| ४ | आर सी.सी | ४ |

| सि. नं. | घरको छानाको प्रकार | संख्या |
|---|---|---|
| ५ | काठले छाएको | - |
| ६ | माटोले छाएको | - |
| ७ | अन्य | १ |
| ८ | उल्लेख नभएको | २२ |
| जम्मा | | ४५५७ |

श्रोतः केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०६८ अनुसार

## ३.१० स्वामित्वको आधारमा घरपरिवार संख्या विवरण

यस गाउँपालिकाको जम्मा घरधुरी संख्या **४५५७** छ भने यी घरहरूमध्ये निजी, भाडामा, संस्थागत र अन्यमा के कति घरधुरीहरू रहेका छन् भन्ने तथ्याङ्क तल तालिकामा निम्न लिखित रूपमा दिइएको छ।

| क्र.सं. | स्वामित्वको विवरण | परिवार संख्या |
|---|---|---|
| १ | निजी | ४४४४ |
| २ | भाडामा | ८० |
| ३ | संस्थागत | ३ |
| ४ | अन्य | ३० |
| जम्मा | | ४५५७ |

श्रोतः केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०६८ अनुसार

## ३.११ खाना पकाउने इन्धनको प्रयोगको आधारमा घरधूरी संख्या विवरण

यस गाउँपालिकाको जम्मा घरधुरी संख्या **४५५७**छ भने यी सबै घरधुरीहरूले एउटै किसिमको इन्धन स्रोतबाट खाना पकाउँदैनन् । आ-आफ्नो घरको स्थिति अनुसार खाना पकाउनका लागि विभिन्न किसिमको इन्धनको प्रयोग गर्दछन् । इन्धन प्रयोग आधारमा इन्धनको प्रकृति छुट्याई घरधुरीको विवरण तल तालिकामा निम्न लिखित रूपमा दिइएको छ।

| सि.नं. | इन्धनको प्रकार | घरपरिवार संख्या |
|---|---|---|
| १ | दाउरा | ४२१९ |
| २ | सन्ठी गाईको गोवरबाट बनाईएको गुईठा | ७ |
| ३ | मट्टीतेल | २८ |
| ४ | एल.पि. ग्याँस | ९४ |
| ५ | वायो ग्याँस | १९६ |
| ६ | विजुली | १ |
| ७ | अन्य | - |
| ८ | उल्लेख नभएको | १२ |
| जम्मा | | ४५५७ |

श्रोतः- केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०६८ अनुसार

## ३.१२ उपलब्ध सेवा सूविधाको आधारमा घरपरिवार संख्या विवरण

यस गाउँपालिकाको जम्मा घरधुरी संख्या **४५५७** छ भने यी घरधुरीहरूले विभिन्न किसिमका सेवा सुविधाहरू लिएका छन् । घरधुरीहरूले लिएका सेवा सुविधाको प्रकृति छुट्याई घरपरिवार संख्या विवरण तल तालिकामा निम्न लिखित रूपमा दिइएको छ ।

| सि.नं. | सेवा सुविधाको विवरण | घरपरिवार |
|---|---|---|
| १ | कुनै सेवा सुविधा नभएका | ९९१ |
| २ | कम्तीमा एउटा सुविधा भएका | ३४३६ |
| ३ | रेडियो भएका | ३०३८ |
| ४ | टि.भी भएका | ४४० |
| ५ | केबल लाइन जोडेका | ९१ |
| ६ | कम्प्युटर भएका | १३ |
| ७ | इन्टरनेट सुविधा भएका | १ |
| ८ | टेलिफोन भएका | २५३ |
| ९ | मोवाइल | २३३८ |
| १० | गाडी भएका | ५ |
| ११ | मोटर साइकल | २४ |
| १२ | साइकल | ८ |
| १३ | अन्य साधन | - |
| १४ | फ्रिज | - |
| १५ | उल्लेख नभएका | १३० |
| | जम्मा | १०७६८ |

श्रोतः केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०६८ अनुसार

# खण्ड ४ : सामाजिक क्षेत्र

## ४.१ शैक्षिक अवस्था

यहाँ बसोबास गर्ने जातजातिहरूमा केही जातिहरूको शैक्षिक, आर्थिक, सामाजिक आदि अवस्था कमजोर छ । मुलुकको समुन्नतिमा संम्पूर्ण जातिहरूमा शैक्षिक पहुँच पुऱ्याउन सक्नुपर्छ । शिक्षा नै राष्ट्र निर्माणको मूल आधार हो । यहाँको सबै क्षेत्रहरूमा वसोवास गर्ने आदिबासी, मधेसी, दलित तथा सीमान्तकृत र लोपोन्मुख जातिहरूमा यस्तो गरिवी र पछौटेपन व्याप्त रहनुको प्रमुख कारण नै शिक्षामा उनीहरूको पहुँच नहुनु हो । जुनसुकै समाज र राष्ट्रले पनि विकासको फड्को मार्न शैक्षिक जागरण र त्यसको वढी भन्दा वढी उपयोग नै हो । शिक्षालाई सर्वसुलभ तुल्याउँदै लगिएपनि जातिहरूमै शिक्षाको महत्व वुझाउन नसक्दा त्यो उपलब्धीहीन बन्दै गएको छ । यस्ता जातिका बालवालिकाहरू विद्यालय नै नपुगेका पुगेकाले पनि विद्यालय शिक्षा पढेर छाडेका भेटिन्छन् ।

उच्च शिक्षा प्राप्त गर्नेहरू अत्यन्त न्यून संख्यामा देखिनु नै दुःख लाग्दो कुरा हो । अझ प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ लागेका जनजातिका बालवालिकाहरू त प्रायः नगन्य नै छन् । एकातिर व्यापक गरिवी छ भने अर्कातिर अज्ञानताले जरा गाडेको छ । शिक्षा क्षेत्रको विकास स्थानीय स्तरमै क्याम्पसको व्यवस्था, दलित र गरिब बस्तीमा बाल विकास केन्द्र, प्रौढ शिक्षा र जनचेतनामूलक कार्यक्रम गर्न सके यस क्षेत्रको शैक्षिक स्तरमा उन्नति हुने देखिन्छ । २०६८ अनुसारको तथ्याङ्कलाई नियाल्दा के कति साक्षरता छन् भन्ने तथ्याङ्क निम्न लिखित दिएको छ ।

**५ वर्षदेखि २५ वर्षसम्म उमेरका विद्यालय जाने र नजानेको विवरण :**

| क्र.सं. | विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | हाल विद्यालय जाने | ३००९ | ३१६१ | ६१७० |
| २. | हाल विद्यालय नजाने | ६९१ | १११२ | १८०३ |
| ३. | हाँजिर नखुलेको | ६१ | १०६ | १६७ |
| | **जम्मा** | **३७६१** | **४३७९** | **८१४०** |

श्रोतः केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०६८ अनुसार

**५ वर्षदेखि माथि उमेरका पढनलेख्न सक्ने र नसक्नेको विवरण संख्या :**

| क्र.सं. | विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | पढने लेख्न सक्ने | ६३०२ | ५२९३ | ११५९५ |
| २. | पढन मात्र सक्ने | ३९३ | ३९४ | ७८७ |
| ३. | पढन लेख्न नसक्ने | २३५१ | ४९१८ | ७२६९ |
| ४. | थाहा नभएको | ६ | १४ | २० |
| | **जम्मा** | **९०५२** | **१०६१९** | **१९६७१** |

श्रोतः केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०६८ अनुसार

**५ वर्षदेखि माथि उमेरका पास भएका तह खुलेका तथा नखुलेकाहरूको विवरण :**

| क्र.सं. | विवरण | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | प्ले ग्रुप | ३६२ | ३०१ | ६६२ |
| २. | प्रा.वि (१-५ ) सम्म | २८७० | २६३६ | ५५०६ |
| ३. | नि.मा.वि (६-८) सम्म | १३६९ | ११५७ | २५२६ |
| ४. | मा..वि (९-१०) सम्म | ५५५ | ४५४ | १००९ |
| ५. | एस.एल.सि. वा सोसरह | ७९२ | ५०५ | १२९७ |
| ६. | उ.मा.वि.(१० + २) वा सोसरह | २६३ | २२६ | ४८९ |
| ७. | स्नातक वा सोसरह | ९२ | २६ | ११८ |
| ९. | स्नातकोत्तर वा सोसरह | ४४ | ५ | ४९ |
| १०. | अन्य | १ | १ | २ |
| ११. | अनौपचारिक शिक्षा हासिल गर्ने | १२८ | १२५ | २५३ |
| १२. | तह नखुलेको | १४ | ९ | २३ |
| | **जम्मा** | **६४९०** | **५४४५** | **११९३५** |

श्रोत: केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०६८ अनुसार

## ४.१.१ शैक्षिक संस्थाहरूको विवरण

| क्र.सं. | विद्यालयहरूको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| | **क्याम्पस** | | |
| १ | सुनकोसी क्याम्पस | वडा नं. ३ र ४ | |
| २ | कुशेश्वर बहुमुखी क्याम्पस | वडा नं. १ | |
| | **माध्यामिक विद्यालय** | | |
| १ | गणेश माध्यमिक विद्यालय | वडा नं. ७ | |
| २ | ग्रामकाली माध्यमिक विद्यालय | वडा नं. ६ | |
| ३ | गणेश माध्यमिक विद्यालय | वडा नं. ५ | |
| ४ | कुशेश्वर माध्यमिक विद्यालय | वडा नं. १ | |
| ५ | हरिसिद्धि माध्यमिक विद्यालय | वडा नं. २ | |
| ६ | प्रगतिशील माध्यमिक विद्यालय | वडा नं. ३, ४ | |
| ७ | माध्यमिक विद्यालय गुडबजार | वडा नं. ३,४ | |
| ८ | सिद्र माध्यमिक विद्यालय | वडा नं. ३,४ | |
| ९ | देवीस्थान माध्यमिक विद्यालय | वडा नं. १ | |
| | **निम्न माध्यामिक विद्यालय,** | | |
| १ | भुमेश्वर निम्न माध्यमिक विद्यालय | वडा नं. ७ | |
| २ | पञ्चकन्या निम्न माध्यमिक विद्यालय | वडा नं. ६ | |
| ३ | महाकाली निम्न माध्यमिक विद्यालय | वडा नं. ६ | |
| ४ | चण्डेश्वरी निम्न माध्यमिक विद्यालय | वडा नं. ६ | |
| ५ | कालिका निम्न माध्यमिक विद्यालय | वडा नं. ५ | |
| ६ | विनायक निम्न माध्यमिक विद्यालय | वडा नं. ३,४ | |
| ७ | कपिलेश्वर निम्न माध्यमिक विद्यालय | वडा नं. ३,४ | |

| क्र.सं. | विद्यालयहरूको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| | **प्राथमिक विद्यालय** | | |
| १ | चन्द्रकन्या आधारभूत विद्यालय | वडा नं. ७ | |
| २ | पञ्चकन्या आधारभूत विद्यालय | वडा नं. ७ | |
| ३ | विमला आधारभूत विद्यालय | वडा नं. ७ | |
| ४ | जलकन्या आधारभूत विद्यालय | वडा नं. ७ | |
| ५ | जखनी आधारभूत विद्यालय | वडा नं. ७ | |
| ६ | बालकन्या आधारभूत विद्यालय | वडा नं. ७ | |
| ७ | बट्टेश्वरी आधारभूत विद्यालय | वडा नं. ६ | |
| ८ | दमइडाँडा आधारभूत विद्यालय | वडा नं. ६ | |
| ९ | भिमसेन आधारभूत विद्यालय | वडा नं. ६ | |
| १० | लिते भञ्ज्याङ आधारभूत विद्यालय | वडा नं. ५ | |
| ११ | पशुपति आधारभूत विद्यालय | वडा नं. ५ | |
| १२ | पञ्चकन्या आधारभूत विद्यालय | वडा नं. ५ | |
| १३ | सिरुवानी भगवती आधारभूत विद्यालय | वडा नं. ५ | |
| १४ | सेतीदेवी आधारभूत विद्यालय | वडा नं. १ | |
| १५ | धरनीधर नेपालथोक आधारभूत विद्यालय | वडा नं. १ | |
| १६ | ओम आधारभूत विद्यालय | वडा नं. १ | |
| १७ | ध्याम्पटार आधारभूत विद्यालय | वडा नं. १ | |
| १८ | खानी गाउँ आधारभूत विद्यालय | वडा नं. १ | |
| १९ | हरिसिद्धि आधारभूत विद्यालय | वडा नं. २ | |
| २० | पञ्चकन्या आधारभूत विद्यालय | वडा नं २ | |
| २१ | प्रगतिशील आधारभूत विद्यालय | वडा नं. २ | |
| २२ | विश्वज्योति आधारभूत विद्यालय | वडा नं. २ | |
| २३ | जनजागृति आधारभूत विद्यालय | वडा नं. २ | |
| २४ | जनज्योति आधारभूत विद्यालय | वडा नं. ३,४ | |
| २५ | कालिका आधारभूत विद्यालय | वडा नं. ३,४ | |
| २६ | सतिदेवी आधारभूत विद्यालय | वडा नं. ३,४ | |
| २७ | ज्ञानेन्द्र आधारभूत विद्यालय | वडा नं. ३,४ | |
| २८ | नमोबुद्ध आधारभूत विद्यालय | वडा नं. ३,४ | |
| २९ | आधारभूत विद्यालय चिलानेखर्क | वडा नं. ३,४ | |
| ३० | आधारभूत विद्यालय धारापानी | वडा नं. ३,४ | |
| | **आवसीय विद्यालयहरू** | | |
| १ | Five Star English Boarding School | वडा नं. ३ | |
| २ | रातमाटा बोहोरेटार English BoardingSchool | वडा नं. ३ | |
| ३ | प्रगतिशील Secondary Boarding School | वडा नं. २ | |

## ४.१.२ बालक्लबहरूको विवरण

| क्र.स. | विवरण | ठेगाना |
|---|---|---|
| १. | ज्ञानकुन्ज बाल सन्जाल | वडा नं. ६ |
| २. | आदर्श बाल क्लव | वडा नं. ३ |
| ३. | सुर्योदय बाल क्लव | वडा नं. ३ |
| ४. | नवदुर्गा बाल क्लव | वडा नं. ३ |
| ५. | रमाइलो घर बाल क्लव | वडा नं. ३ |
| ६. | प्रतिभा बाल क्लव | वडा नं. ३ |
| ७. | लखनपुर बाल क्लव | वडा नं. ४ |
| ८. | नवप्रतिभा बाल क्लव | वडा नं. ४ |
| ९. | सगरमाथा बाल क्लव | वडा नं. ५ |
| १०. | कुशेश्वर बाल सन्जाल | वडा नं. १ र २ |
| ११. | कुशेश्वर बाल क्लव | वडा नं. १ र २ |
| १२. | देवीस्थान बाल क्लव | वडा नं. १ र २ |
| १३. | पञ्चकन्या बाल क्लव | वडा नं. १ र २ |

## ४.२ स्वास्थ्य क्षेत्र

### ४.२.१ गाउँपालिका अवस्थित स्वास्थ्य संस्थाहरूको नामावाली

भौगोलिक विकटताको कारण र देशको राजनीतिक लुछाचुडीले गर्दा जिल्लामा रहेको सिन्धुली एक अस्पतालबाट नै जिल्लामा रहेका सबै गाउँपालिकाहरूका घरधुरीहरूले सेवा लिने गर्दछन् । यो अस्पता तीन जना डाक्टरहरूको दरबन्दी र पन्ध्र शैया सहितको एक सरकारी अस्पताल हो । यसै अस्पालबाट नै यस जिल्लाका बासिन्दाहरूलाई सवै क्षेत्रको स्वास्थ्य सम्बन्धी सेवा प्रदान गर्दै आएको छ । गाउँपालिकाका वडाहरूमा प्राथमिक उपचार गर्ने स्वास्थ्य संस्थाहरू यस प्रकार रहेका छन् ।

**अस्पताल तथा स्वास्थ्य चौकीहरू**

| क्र.सं | नाम | ठेगाना |
|---|---|---|
| १ | **सिन्धुली अस्पताल, सिन्धुली** | सिन्धुली |
| २ | मझुवा स्वास्थ्य चौकी | वडा नं. ७ |
| ३ | सितलपाटी स्वास्थ्य चौकी | वडा नं. ६ |
| ४ | बन्दिपुर स्वास्थ्य चौकी | वडा नं. ५ |
| ५ | झारा स्वास्थ्य चौकी | वडा नं. ३ र ४ |
| ६ | भरोसा सामुदायिक अस्पताल | वडा नं. १ |
| ७ | कुशेश्वर स्वास्थ्य चौकी | वडा नं १ र २ |
| ८ | झांगाझोली स्वास्थ्य चौकी | वडा ३ |
| ९ | सितलपाटी स्वाथ्यचौकी | वडा ६ |

स्थानीयवासीहरूमा देखा परेका प्रमुख रोगहरू

| क्र.सं | नाम |
|---|---|
| १ | छालाको रोग |
| २ | श्वास प्रश्वास |
| ३ | झाडापखाला |
| ४ | जुकाको संक्रमण |
| ५ | ग्याष्ट्रिक |
| ६ | रक्त अल्पता |
| ७ | कानको संक्रमण |
| ८ | आँखा सम्बन्धी रोग |
| ९ | भिटामिन र पोषण सम्बन्धी |

## ४.३ खानेपानी तथा सरसफाइ सम्बन्धी आधारभूत विवरण

### ४.३.१खानेपानी

मानिस स्वस्थ्य रहनको लागि स्वच्छ खानेपानी अति आवश्यक हुन्छ । यस गाउँपालिकामा स्वच्छ खानेपानी सुविधा पूरा गर्नका लागि खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले आवश्यक योजना तर्जुमा गरी खानेपानीका आयोजनाहरूको निर्माण गरी खानेपानीको आवश्यता परिपूर्ती गर्दै आएको देखिन्छ । तर २०७२ सालमा आएको भू-कम्पले गर्दा केही गाविसको वडाहरूको मूल सुक्दै गएकोले पानीको अभाव देखिएको छ । यसलाई निराकरण गर्नुपर्ने देखिन्छ।

### ४.३.२ खानेपानीको श्रोतको आधारमा घरपरिवार संख्या विवरण

यस गाउँपालिकाको जम्मा घरधुरी संख्या ४५५७ छ भने यी घरधुरीहरूले विभिन्न खालको स्रोतबाट उपलब्ध भएको पानी पिउँछन् । कति घरधुरीले कुन स्रोतबाट पानी पिउँछन् भनी त्यसको छुट्टाछुटै तथ्याङ्क तल तालिकामा निम्न लिखित रूपमा दिइएको छ ।

| सि.नं. | खानेपानीका श्रोतहरू | घरपरिवार संख्या |
|---|---|---|
| १ | ट्युबवेल /हेन्डपम्प | ३ |
| २ | ढाकेको इनार /कुवा | १८ |
| ३ | नढाकेको इनार /कुवा | २२० |
| ४ | पाइप धारा | २८७७ |
| ५ | खोला तथा झरनाको पानी | ६६४ |
| ६ | मूलको पानी | ७६२ |
| ७ | अन्य | - |
| ८ | उल्लेख नभएको | १२ |
| | जम्मा | **४५५७** |

श्रोतः केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०६८ अनुसार

### ४.३.३ खानेपानी संस्थाहरूको विवरण

